९०१७१

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

च.नं : ग.वि.बैं.लि./२०८३/८४/१२१

मिति २०८३/०६/२७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौं ।

विषयः **बीसौं वार्षिक साधारण सभाको निर्णयको जानकारी सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा, यस विकास बैंकको बीसौं वार्षिक साधारण सभा मिति २०८३ आश्विन २६ गते सोमबारको दिन होटल पोखरा ग्राण्ड, पोखरा, कास्कीमा सम्पन्न भयो । सञ्चालक समितिको तर्फबाट उक्त साधारणसभामा प्रस्तुत निम्नानुसारका प्रस्ताव उपर छलफल भई सम्पूर्ण प्रस्तावहरु पारित भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु । साथै, बीसौं वार्षिक साधारणसभाबाट भएका निर्णयहरुको विस्तृत विवरण सहितको माइन्युट पछि पेश गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछु ।

**तपसिल**

**क. वार्षिक साधारणसभाबाट पारित भएका सामान्य प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको विकास बैंकको २०८३ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, नाफा-नोक्सान बाँडफाँड हिसाब, इक्वीटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिको प्रस्ताव बमोजिम हाल कायम चुक्ता पूँजी रु.६,०२,१३,४८,३६७।२२ (अक्षरेपी छ अर्ब दुई करोड तेह्र लाख अड्चालिस हजार तीन सय सतसठ्ठी र पैसा बाईस मात्र) को १० प्रतिशत ले हुन आउने रकम रु.६०,२१,३४,८३६।७२ (अक्षरेपी साठी करोड एक्काईस लाख चौंतीस हजार आठ सय छत्तीस र पैसा बहत्तर मात्र) नगद लाभांश (प्रस्तावित बोनस शेयर र नगद लाभांशको कर सहित) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
४. आर्थिक वर्ष २०८३/८४ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८३/८४ को बाह्य लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षक नियुक्त गर्न वार्षिक साधारण सभामा सिफारिस भई आएका लेखापरीक्षक फर्म/कम्पनीहरुमध्येबाट जोशी एण्ड भण्डारी चार्टड एकाउन्टेन्ट्स डिल्लीबजार, काठमाण्डौ लाई लेखापरीक्षक नियुक्त गर्ने निर्णय भएको ।)

**ख. वार्षिक साधारणसभाबाट पारित भएका विशेष प्रस्तावहरु**

१. संचालक समितिको प्रस्ताव तथा नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम हाल कायम चुक्ता पूँजी रु.६,०२,१३,४८,३६७।२२ (अक्षरेपी छ अर्ब दुई करोड तेह्र लाख अड्चालिस हजार तीन सय सतसठ्ठी र पैसा बाईस मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.६०,२१,३४,८३६।७२ (अक्षरेपी साठी करोड एक्काईस लाख चौंतीस हजार आठ सय छत्तीस र पैसा बहत्तर मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
२. विकास बैंकको हाल कायम अधिकृत पूँजी बृद्धि गरी रु.६,६५,००,००,०००/- (अक्षरेपी छ अर्ब पैसठ्ठी करोड मात्र) कायम गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालकहरुलाई प्रदान गरिने बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा टेलिफोन पत्रपत्रिका र इन्टरनेट खर्च बापत प्रदान गरिने रकम बृद्धि गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

ISO 9001:2015 & ISO 27001:2022 CERTIFIED BANK

४. गरिमा विकास बैंक लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) गाभ्ने (Merger) तथा अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमति-पत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने तथा गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी गाभ्ने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्वन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

५. विशेष प्रस्ताव नं. १, २ र ३ पारित भए बमोजिम हुने गरी विकास बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

६. विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनसँग सम्बन्धित कार्यहरु स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

ग. **विविधः** विविध शीर्षक अन्तर्गत कुनै पनि प्रस्ताव नरहेको ।

**बोधार्थ:**

१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।

२. सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।

GARIMA BIKAS BANK LIMITED
गरिमा विकास बैंक लिमिटेड
HEAD OFFICE: BALUWATAR, KATHMANDU

भवदीय,

अनिल रेग्मी
कम्पनी सचिव/नायब प्रमुख कार्यकारी अधिकृत